**नेपाल राष्ट्र बैंक**

**आर्थिक अनुसन्धान विभाग, बालुवाटार, काठमाडौं**

# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

*(आर्थिक वर्ष २०८१/८२ को एघार महिना (२०८२ जेठ) को तथ्याङ्कमा आधारित)*

**प्रमुख झलक**


- *वार्षिक विन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति २.७२ प्रतिशत रहेको छ ।*
- *शोधनान्तर स्थिति रु.४९१ अर्ब ४४ करोडले बचतमा रहेको छ ।*
- *आयात १३.१ प्रतिशतले र निर्यात ७७.८ प्रतिशतले बढेको छ ।*
- *विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा १५.५ प्रतिशतले र अमेरिकी डलरमा १२.७ प्रतिशतले बढेको छ । २०८२ जेठ महिनाको विप्रेषण आप्रवाह रु.१७६ अर्ब ३२ करोड रहेको छ ।*
- *कुल विदेशी विनिमय सञ्चिति अमेरिकी डलरमा १८ अर्ब ६५ करोड पुगेको छ ।*
- *नेपाल सरकारको खर्च रु.१२८२ अर्ब ९४ करोड र राजस्व परिचालन रु.१०१६ अर्ब ९ करोड रहेको छ ।*
- *विस्तृत मुद्राप्रदाय ८.२ प्रतिशतले बढेको छ । वार्षिक विन्दुगत आधारमा यस्तो मुद्राप्रदाय १२.० प्रतिशतले बढेको छ ।*
- *बैंक तथा वित्तीय संस्थाको निक्षेप सङ्कलन ८.० प्रतिशतले र निजी क्षेत्रमा प्रवाहित कर्जा ८.० प्रतिशतले बढेको छ । वार्षिक विन्दुगत आधारमा निक्षेपको वृद्धिदर १२.० प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर ८.७ प्रतिशत रहेको छ ।*

## मुद्रास्फीति

### उपभोक्ता मुद्रास्फीति

१. २०८२ जेठ महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति २.७२ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ४.१७ प्रतिशत रहेको थियो । समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ०.५४ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.९४ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यी समूहहरूको मुद्रास्फीति क्रमशः ५.८५ प्रतिशत र ३.०७ प्रतिशत रहेको थियो ।

**चार्ट १: वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति**




२. समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत घ्यू तथा तेल उप-समूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क १०.०६ प्रतिशत, गैर-मदिराजन्य पेय पदार्थको ५.१३ प्रतिशत, फलफूलको

३.५१ प्रतिशत र दाल तथा गेडागुडीको २.८५ प्रतिशतले बढेको छ । तरकारी उप-समूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क ७.०४ प्रतिशत, मरमसलाको ३.०६ प्रतिशत र माछा तथा मासुको २.९१ प्रतिशतले घटेको छ ।

३. गैर-खाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवा उप-समूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क ९.४३ प्रतिशत, कपडाजन्य तथा जुत्ताचप्पलको ६.८२ प्रतिशत, शिक्षाको ५.८८ प्रतिशत, फर्निसिङ तथा घरायसी उपकरणको ५.०६ प्रतिशत र सुर्तीजन्य पदार्थको ४.६८ प्रतिशतले बढेको छ ।

४. समीक्षा महिनामा ग्रामीण क्षेत्रको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क २.९० प्रतिशतले र सहरी क्षेत्रको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क २.६६ प्रतिशतले बढेको छ ।

**तालिका १ : वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति (प्रतिशत)**

| विवरण | भाराङ्क | २०८१ जेठ | २०८२ वैशाख | २०८२ जेठ |
|---|---|---|---|---|
| **समग्र मुद्रास्फीति** | १०० | ४.१७ | २.७७ | २.७२ |
| खाद्य तथा पेय पदार्थ | ३५.४९ | ५.८५ | १.५२ | ०.५४ |
| गैर-खाद्य तथा सेवा | ६४.५१ | ३.०७ | ३.४५ | ३.९४ |

५. प्रदेशगत रूपमा समीक्षा महिनामा कोशी प्रदेशको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ४.१८ प्रतिशत, मधेश प्रदेशको २.५२ प्रतिशत, बागमती प्रदेशको २.२९ प्रतिशत, गण्डकी प्रदेशको १.७५ प्रतिशत, लुम्बिनी प्रदेशको २.३९ प्रतिशत, कर्णाली प्रदेशको २.५४ प्रतिशत र सुदूरपश्चिम प्रदेशको ३.८६ प्रतिशत रहेको छ ।

६. समीक्षा महिनामा काठमाडौं उपत्यकाको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति २.७३ प्रतिशत, तराईको २.५८ प्रतिशत, पहाडको २.४८ प्रतिशत र हिमालको ४.१८ प्रतिशत रहेको छ ।

### थोक मुद्रास्फीति


७. २०८२ जेठ महिनामा वार्षिक विन्दुगत थोक मुद्रास्फीति १.५६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ५.४८ प्रतिशत रहेको थियो ।

८. समीक्षा महिनामा उपभोग्य वस्तुको वार्षिक विन्दुगत थोक मुद्रास्फीति ५.६६ प्रतिशत रहेको छ भने मध्यवर्ती वस्तु र पुँजीगत वस्तुको वार्षिक विन्दुगत थोक मुद्रास्फीति क्रमशः -०.९३ प्रतिशत र २.९९ प्रतिशत रहेको छ । समीक्षा महिनामा निर्माण सामग्रीको थोक मूल्य सूचकाङ्क ०.३५ प्रतिशतले बढेको छ ।

## बाह्य क्षेत्र

### वैदेशिक व्यापार

९. आर्थिक वर्ष २०८१/८२ को एघार महिनामा कुल वस्तु निर्यात ७७.८ प्रतिशतले वृद्धि भई रु.२४७ अर्ब ५७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यातमा ३.० प्रतिशतले कमी आएको थियो । गन्तव्यका आधारमा भारत, चीन र अन्य मुलुकतर्फको निर्यात क्रमशः ११२.६ प्रतिशत, ३.० प्रतिशत र ४.४ प्रतिशतले वृद्धि भएको छ । वस्तुगत आधारमा भटमासको तेल, पोलिस्टरको धागो, जुटका सामान, चिया, खोटो लगायतका वस्तुको निर्यात बढेको छ भने पाम तेल, जिङ्क सिट, जुस, तयारी पोसाक, अलैंची लगायतका वस्तुको निर्यात घटेको छ ।



१०. आर्थिक वर्ष २०८१/८२ को एघार महिनामा कुल वस्तु आयात १३.१ प्रतिशतले वृद्धि भई रु.१६४४ अर्ब ८० करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयातमा १.८ प्रतिशतले कमी आएको थियो । वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन र अन्य मुलुकबाट भएको आयात क्रमशः ७.६ प्रतिशत, १५.३ प्रतिशत र २९.५ प्रतिशतले वृद्धि भएको छ । वस्तुगत आधारमा भटमासको कच्चा तेल, चामल/धान, यातायातका उपकरण, सवारी साधन तथा स्पेयर पार्टस्, खाने तेल, स्पन्ज आइरन लगायतका वस्तुको आयात बढेको छ भने पेट्रोलियम पदार्थ, सुन, विद्युत्तीय उपकरण, रासायनिक मल, कोइला लगायतका वस्तुको आयात घटेको छ ।

११. निर्याततर्फ भैरहवा, विराटनगर, वीरगञ्ज, सुख्खा बन्दरगाह, कैलाली, कृष्णनगर, मेची, नेपालगञ्ज, रसुवा र त्रिभुवन अन्तर्राष्ट्रिय भन्सार कार्यालय बाहेकका प्रमुख नाकाबाट गरिएको निर्यात घटेको छ । आयाततर्फ जलेश्वर र त्रिभुवन अन्तर्राष्ट्रिय भन्सार कार्यालय बाहेकका प्रमुख नाकाबाट भएको आयातमा वृद्धि भएको छ ।

१२. आर्थिक वर्ष २०८१/८२ को एघार महिनामा कुल वस्तु व्यापार घाटा ६.३ प्रतिशतले वृद्धि भई रु.१३९७ अर्ब २३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटामा १.७ प्रतिशतले कमी आएको थियो । समीक्षा अवधिमा निर्यात-आयात अनुपात १५.१ प्रतिशत पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ९.६ प्रतिशत रहेको थियो ।

१३. समीक्षा अवधिमा भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी रु.१६७ अर्ब ३० करोड बराबरको वस्तु आयात भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात रु.१३७ अर्ब १३ करोड बराबरको भएको थियो ।

## वैदेशिक व्यापारको संरचना

१४. बृहत् आर्थिक वर्गीकरण अनुसार समीक्षा अवधिमा भएको कुल निर्यातमा अन्तिम उपभोग्य, मध्यवर्ती र पुँजीगत वस्तुको अनुपात क्रमशः ६७.३ प्रतिशत, ३१.७ प्रतिशत र १.० प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा भएको कुल निर्यातमा अन्तिम उपभोग्य, मध्यवर्ती र पुँजीगत वस्तुको अनुपात क्रमशः ४२.८ प्रतिशत, ५६.५ प्रतिशत र ०.६२ प्रतिशत रहेको थियो ।

१५. समीक्षा अवधिमा भएको कुल आयातमा अन्तिम उपभोग्य, मध्यवर्ती र पुँजीगत वस्तुको अनुपात क्रमशः ३९.४ प्रतिशत, ५१.६ प्रतिशत र ९.१ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यी अनुपातहरु क्रमशः ४१.९ प्रतिशत, ४८.७ प्रतिशत, ९.४ प्रतिशत रहेको थियो ।

## निर्यात-आयात मूल्य सूचकाङ्क

१६. वार्षिक विन्दुगत आधारमा २०८२ जेठ महिनामा भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाइ मूल्य सूचकाङ्कमा (Unit Value Index) २.८ प्रतिशत र आयात मूल्य सूचकाङ्कमा १.९ प्रतिशतले कमी आएको छ । २०८२ जेठ महिनामा व्यापारको सर्त (Terms of Trade) ०.९ प्रतिशतले घटेको छ ।

## सेवा

१७. समीक्षा अवधिमा खुद सेवा आय रु.९७ अर्ब ३३ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रु.५६ अर्ब ३६ करोडले घाटामा रहेको थियो ।

१८. सेवा खाताअन्तर्गत समीक्षा अवधिमा भ्रमण आय ६.९ प्रतिशतले वृद्धि भई रु.८२ अर्ब २० करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु.७६ अर्ब ८८ करोड रहेको थियो ।

**तालिका २: शोधनान्तर सम्बन्धी केही परिसूचकहरू ( एघार महिना)**

| विवरण | रकम (रु.अर्बमा) | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|
| | २०८०/८१सं | २०८१/८२अ | २०८०/८१सं | २०८१/८२अ |
| भ्रमण आय | ७६.८८ | ८२.२० | ३१.८ | ६.९ |
| भ्रमण व्यय | १७५.१६ | २०३.९७ | ३४.७ | १६.५ |
| विप्रेषण आप्रवाह | १३२७.५४ | १५३२.९३ | १७.२ | १५.५ |
| प्रत्यक्ष लगानी आप्रवाह (ईक्विटि मात्र) | ८.२४ | ११.०९ | २३.६ | ३४.७ |

*सं-संशोधित अ-अनुमानित*

१९. समीक्षा अवधिमा सेवा खाताअन्तर्गत भ्रमण व्यय १६.५ प्रतिशतले वृद्धि भई रु.२०३ अर्ब ९७ करोड पुगेको छ । यसमध्ये शिक्षातर्फको व्यय रु.१२४ अर्ब ८० करोड

रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा भ्रमण व्यय रु.१७५ अर्ब १६ करोड रहेकोमा शिक्षातर्फको व्यय रु.११७ अर्ब १ करोड रहेको थियो ।

**विप्रेषण आप्रवाह**

२०. आर्थिक वर्ष २०८१/८२ को एघार महिनामा विप्रेषण आप्रवाह १५.५ प्रतिशतले वृद्धि भई रु.१५३२ अर्ब ९३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १७.२ प्रतिशतले बढेको थियो । २०८२ जेठ महिनाको विप्रेषण आप्रवाह रु.१७६ अर्ब ३२ करोड रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो आप्रवाह रु.१२८ अर्ब ९१ करोड रहेको थियो ।

२१. समीक्षा अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह १२.७ प्रतिशतले वृद्धि भई ११ अर्ब २५ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह १५.२ प्रतिशतले बढेको थियो ।

२२. समीक्षा अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) रु. १६६८ अर्ब ३० करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु.१४४३ अर्ब १० करोड रहेको थियो ।

२३. समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको सङ्ख्या ४,५२,३२४ र पुनः श्रम स्वीकृति लिनेको सङ्ख्या ३,०८,०६७ रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या क्रमशः ४,२१,३५६ र २,६१,२१० रहेको थियो ।

**चालु खाता एवम् शोधनान्तर स्थिति**


२४. समीक्षा अवधिमा चालु खाता रु.३०७ अर्ब ३१ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु.२०० अर्ब ३८ करोडले बचतमा रहेको थियो। अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा १ अर्ब ५१ करोडले बचतमा रहेको चालु खाता समीक्षा अवधिमा २ अर्ब २६ करोडले बचतमा रहेको छ।

२५. समीक्षा अवधिमा खुद पुँजीगत ट्रान्सफर रु.८ अर्ब ९६ करोड रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर रु.५ अर्ब ४६ करोड रहेको थियो । यसैगरी, समीक्षा अवधिमा रु.११ अर्ब ९ करोड प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) भित्रिएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) रु.८ अर्ब २४ करोड रहेको थियो ।

२६. समीक्षा अवधिमा शोधनान्तर स्थिति रु.४९१ अर्ब ४४ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु.४२५ अर्ब ६७ करोडले बचतमा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा ३ अर्ब २० करोडले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा ३ अर्ब ६२ करोडले बचतमा रहेको छ।

**कुल विदेशी विनिमय सञ्चिति**

२७. २०८१ असार मसान्तमा रु.२०४१ अर्ब १० करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति २५.९ प्रतिशतले वृद्धि भई २०८२ जेठ मसान्तमा रु.२५६९ अर्ब ३८ करोड पुगेको छ। अमेरिकी डलरमा यस्तो सञ्चिति २०८१ असार मसान्तमा १५ अर्ब २७ करोड रहेकोमा २०८२ जेठ मसान्तमा २२.२ प्रतिशतले वृद्धि भई १८ अर्ब ६५ करोड पुगेको छ।




२८. कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०८१ असार मसान्तमा रु.१८४८ अर्ब ५५ करोड रहेकोमा २०८२ जेठ मसान्तमा २३ प्रतिशतले वृद्धि भई रु.२२७४ अर्ब ४७ करोड

पुगेको छ । बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०८१ असार मसान्तमा रु.१९२ अर्ब ५५ करोड रहेकोमा २०८२ जेठ मसान्तमा ५३.२ प्रतिशतले वृद्धि भई रु.२९४ अर्ब ९२ करोड कायम भएको छ। २०८२ जेठ मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २०.५ प्रतिशत रहेको छ।

### सञ्चिति पर्याप्तता सूचक

२९. आर्थिक वर्ष २०८१/८२ को एघार महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १७.६ महिनाको वस्तु आयात र १४.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । २०८२ जेठ मसान्तमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरू क्रमशः ४२.१ प्रतिशत, १२२.९ प्रतिशत र ३४.१ प्रतिशत रहेका छन् । २०८१ असार मसान्तमा उक्त अनुपातहरू क्रमशः ३५.८ प्रतिशत, १०८.६ प्रतिशत र २९.३ प्रतिशत रहेका थिए ।

### कच्चा पेट्रोलियम एवम् सुनको मूल्य

३०. अन्तर्राष्ट्रिय बजारमा २०८१ जेठ मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ८१.४९ रहेको कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०८२ जेठ मसान्तमा १२.५२ प्रतिशतले कमी आई अमेरिकी डलर ७१.२९ कायम भएको छ। त्यसैगरी, अन्तर्राष्ट्रिय बजारमा २०८१ जेठ मसान्तमा प्रति आउन्स सुनको मूल्य अमेरिकी डलर २३३०.४५ रहेकोमा २०८२ जेठ मसान्तमा ४७.४१ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ३४३५.३५ पुगेको छ।

### विनिमय दर

३१. २०८१ असार मसान्तको तुलनामा २०८२ जेठ मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ २.९७ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ १.६६ प्रतिशतले अवमूल्यन भएको थियो । २०८२ जेठ मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१३७.४४ पुगेको छ। २०८१ असार मसान्तमा उक्त विनिमय दर रु.१३३.३६ रहेको थियो ।

# सरकारी वित्त स्थिति

## नेपाल सरकारको खर्च तथा राजस्व

३२. नेपाल सरकार, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालयका अनुसार आर्थिक वर्ष २०८१/८२ को एघार महिनामा नेपाल सरकारको कुल खर्च रु.१२८२ अर्ब ९४ करोड रहेको छ। समीक्षा अवधिमा चालु खर्च रु.८५१ अर्ब ५८ करोड, पुँजीगत खर्च रु.१४३ अर्ब ३९ करोड र वित्तीय व्यवस्था खर्च रु.२८७ अर्ब ९७ करोड रहेको छ।

**तालिका ३ : सरकारी खर्च तथा राजस्व (एघार महिनासम्म)**

| विवरण | रकम (रु.अर्बमा) | | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८०/८१ | २०८१/८२ |
| **कुल खर्च** | **११७६.०७** | **११८१.३०** | **१२८२.९४** | **०.४** | **८.६** |
| *चालु खर्च* | *८७७.३९* | *८२२.८१* | *८५१.५८* | *-६.२* | *३.५* |
| *पुँजीगत खर्च* | *१५३.०८* | *१३४.९८* | *१४३.३९* | *-११.८* | *६.२* |
| *वित्तीय व्यवस्था* | *१४५.५९* | *२२३.५१* | *२८७.९७* | *५३.५* | *२८.८* |
| **राजस्व परिचालन** | **८३६.८५** | **९१९.१९** | **१०१६.०९** | **९.८** | **१०.५** |
| *कर राजस्व* | *७५९.००* | *८२९.०४* | *९१८.००* | *९.२* | *१०.७* |
| *गैर-कर राजस्व* | *७७.८५* | *९०.१५* | *९८.०८* | *१५.८* | *८.८* |

*स्रोत : अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय*

३३. समीक्षा अवधिमा नेपाल सरकारको कुल राजस्व परिचालन (प्रदेश सरकार तथा स्थानीय सरकारमा बाँडफाँट हुने रकमसमेत) रु.१०१६ अर्ब ९ करोड पुगेको छ। यसअन्तर्गत कर राजस्व रु.९१८ अर्ब र गैरकर राजस्व रु.९८ अर्ब ८ करोड परिचालन भएको छ (तालिका ३)।

### नेपाल सरकारको नगद मौज्दात

३४. २०८२ जेठ मसान्तमा यस बैंकमा रहेका सरकारका विभिन्न खातामा रु.३३९ अर्ब ९८ करोड (प्रदेश सरकार तथा स्थानीय सरकारको खातामा रहेको रकमसमेत) नगद मौज्दात रहेको छ। २०८१ असार मसान्तमा यस्तो मौज्दात रु.९३ अर्ब ९६ करोड रहेको थियो ।

# प्रदेश सरकार

## खर्च तथा राजस्व


३५. समीक्षा अवधिमा प्रदेश सरकारहरूको कुल खर्च रु.१२४ अर्ब ९० करोड र स्रोत परिचालन रु.१८२ अर्ब ६० करोड रहेको छ। प्रदेश सरकारहरूको कुल स्रोत परिचालनमा नेपाल सरकारले हस्तान्तरण गरेको अनुदान र विभाज्य कोषबाट बाँडफाँट हुने राजस्वसमेत गरी रु.१३९ अर्ब ८६ करोड र प्रदेश सरकारहरूले परिचालन गरेको तथा अन्य स्रोतबाट प्राप्त राजस्व रु.४२ अर्ब ७४ करोड रहेको छ।

# मौद्रिक स्थिति

## मुद्राप्रदाय

३६. आर्थिक वर्ष २०८१/८२ को एघार महिनामा विस्तृत मुद्राप्रदाय ८.२ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ९.१ प्रतिशतले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०८२ जेठ मसान्तमा विस्तृत मुद्राप्रदाय १२.० प्रतिशतले बढेको छ।

**चार्ट ४: मुद्राप्रदायको वृद्धिदर (जेठ)**
**(वार्षिक विन्दुगत)**




३७. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु.४९१ अर्ब ४४ करोड (२४.७ प्रतिशत) ले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु.४२५ अर्ब ६७ करोड (२९.२ प्रतिशत) ले बढेको थियो।

३८. समीक्षा अवधिमा सञ्चित मुद्रा ६.४ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा २.३ प्रतिशतले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०८२ जेठ मसान्तमा सञ्चित मुद्रा १२.१ प्रतिशतले बढेको छ।

## कुल आन्तरिक कर्जा

३९. आर्थिक वर्ष २०८१/८२ को एघार महिनामा कुल आन्तरिक कर्जा ३.४ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा ३.५ प्रतिशतले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०८२ जेठ मसान्तमा यस्तो कर्जा ६.० प्रतिशतले बढेको छ।

४०. समीक्षा अवधिमा मौद्रिक क्षेत्रको सरकारमाथिको खुद दाबी २२.१ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो दाबी १२.५ प्रतिशतले घटेको थियो। वार्षिक विन्दुगत आधारमा २०८२ जेठ मसान्तमा यस्तो दाबी ७.६ प्रतिशतले घटेको छ।

४१. समीक्षा अवधिमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दाबी ८.७ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो दाबी ६.६ प्रतिशतले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०८२ जेठ मसान्तमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दाबी ८.२ प्रतिशतले बढेको छ।

## निक्षेप परिचालन

४२. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप रु.५१७ अर्ब ६० करोड (८.० प्रतिशत) ले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप रु.५१४ अर्ब ५७ करोड (९.० प्रतिशत) ले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०८२ जेठ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप १२.० प्रतिशतले बढेको छ।

तालिका ४: बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेपको अंश (प्रतिशतमा)


| निक्षेप | असार मसान्त | | जेठ मसान्त | |
|---|---|---|---|---|
| | २०८० | २०८१ | २०८१ | २०८२ |
| चल्ती | ७.७ | ५.८ | ५.२ | ५.७ |
| बचत | २६.६ | ३०.३ | २९.१ | ३६.२ |
| मुद्दती | ५८.८ | ५६.४ | ५८.५ | ५०.२ |
| अन्य | ६.९ | ७.५ | ७.२ | ७.९ |

४३. २०८२ जेठ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको अंश क्रमशः ५.७ प्रतिशत, ३६.२ प्रतिशत र ५०.२ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ५.२ प्रतिशत, २९.१ प्रतिशत र ५८.५ प्रतिशत रहेको थियो (तालिका ४)।

४४. २०८२ जेठ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ३५.५ प्रतिशत रहेको छ। २०८१ जेठ मसान्तमा यस्तो निक्षेपको अंश ३६.० प्रतिशत रहेको थियो ।

## कर्जा प्रवाह

४५. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा रु.४०७ अर्ब ६२ करोड (८.० प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा रु.२४६ अर्ब ८० करोड (५.१ प्रतिशत) ले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०८२ जेठ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ८.७ प्रतिशतले बढेको छ।




४६. २०८२ जेठ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये गैर-वित्तीय संस्थागत क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ६३.० प्रतिशत र व्यक्तिगत तथा घरपरिवार क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ३७.० प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ६३.५ प्रतिशत र ३६.५ प्रतिशत रहेको थियो।

४७. समीक्षा अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरूको कर्जा प्रवाह ८.४ प्रतिशत, विकास बैंकहरूको ४.७ प्रतिशत र वित्त कम्पनीहरूको कर्जा प्रवाह ६.९ प्रतिशतले बढेको छ।

४८. २०८२ जेठ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहेको कर्जामध्ये चालु सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को सुरक्षणमा १४.५ प्रतिशत रहेको छ भने घरजग्गा धितो सुरक्षणमा ६५.० प्रतिशत रहेको छ । २०८१ जेठ मसान्तमा यस्तो धितोमा प्रवाहित कर्जाको अंश क्रमशः १२.० प्रतिशत र ६८.५ प्रतिशत रहेको थियो ।

४९. आर्थिक वर्ष २०८१/८२ को एघार महिनामा बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहेको कर्जामध्ये औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ८.२ प्रतिशत, निर्माण क्षेत्रतर्फको कर्जा १२.९ प्रतिशत, थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको कर्जा ५.२ प्रतिशत, यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा १३.५ प्रतिशत, सेवा उद्योग क्षेत्रतर्फको कर्जा ८.८ प्रतिशत र उपभोग्य क्षेत्रतर्फको कर्जा १०.९ प्रतिशतले बढेको छ।

५०. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाहित कर्जामध्ये आवधिक कर्जा ५.१ प्रतिशतले, मार्जिन प्रकृतिको कर्जा ४२.८ प्रतिशत, ट्रष्ट रिसिट (आयात) कर्जा ६२.२ प्रतिशतले, हायर पर्चेज कर्जा ५.५ प्रतिशत, नगद प्रवाह कर्जा ०.६ प्रतिशत र रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जासमेत) ५.० प्रतिशतले बढेको छ भने अधिविकर्ष कर्जा १३.२ प्रतिशतले घटेको छ ।

## तरलता व्यवस्थापन

५१. समीक्षा अवधिमा निक्षेप सङ्कलन बोलकबोलमार्फत रु.२,७८४ अर्ब ८० करोड र स्थायी निक्षेप सुविधामार्फत रु.१८,५५८ अर्ब ७० करोड गरी कुल रु.२१,३४३ अर्ब ५० करोड (कारोबारमा आधारित) तरलता प्रशोचन गरिएको छ भने रु.२ अर्ब ७० करोड ओभरनाइट तरलता सुविधा उपयोग भएको छ । अघिल्लो वर्षको सोही अवधिमा मौद्रिक व्यवस्थापनका विभिन्न उपकरणहरूमार्फत पटक-पटक गरी खुद रु.१,९०० अर्ब ८४ करोड तरलता प्रशोचन गरिएको थियो ।

५२. समीक्षा अवधिमा यस बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर ५ अर्ब १ करोड खुद खरिद गरी रु.६७३ अर्ब २५ करोड तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर ५ अर्ब ३३ करोड खुद खरिद गरी रु.७०८ अर्ब ८७ करोड तरलता प्रवाह गरेको थियो ।

५३. समीक्षा अवधिमा अमेरिकी डलर ३ अर्ब ४६ करोड बिक्री गरी रु.४७१ अर्ब ३९ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर ३ अर्ब ६४ करोड बिक्री गरी रु.४८४ अर्ब ४४ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको थियो ।

## अन्तरबैंक कारोबार

५४. आर्थिक वर्ष २०८१/८२ को एघार महिनामा वाणिज्य बैंकहरूको रु.१,५३१ अर्ब २१ करोड र अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरूबीच बाहेक) को रु.१५० अर्ब ३३ करोड गरी कुल रु.१,६८१ अर्ब ५४ करोडको अन्तर-बैंक कारोबार भएको छ । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरूको रु.३,७०१ अर्ब ४३ करोड र अन्य वित्तीय संस्थाहरूको रु.३५९ अर्ब ५५ करोड गरी कुल रु.४,०६० अर्ब ९८ करोडको अन्तर बैंक कारोबार भएको थियो ।

## ब्याजदर

५५. २०८१ जेठमा ९१-दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर २.९९ प्रतिशत रहेकोमा २०८२ जेठमा २.९४ प्रतिशत रहेको छ । बैंक तथा वित्तीय संस्थाहरूबीचको अन्तरबैंक कारोबारको भारित औसत ब्याजदर २०८१ जेठमा २.९५ प्रतिशत रहेकोमा २०८२ जेठमा २.९९ प्रतिशत रहेको छ (तालिका ५) ।

**तालिका ५ : भारित औसत ब्याजदर (प्रतिशत)**

| शीर्षक | २०८१ जेठ | २०८२ जेठ |
|---|---|---|
| ९१-दिने ट्रेजरी बिल | २.९९ | २.९४ |
| औसत अन्तर बैंक दर | २.९५ | २.९९ |
| औसत आधार दर | | |
| वाणिज्य बैंक | ८.१७ | ६.०९ |
| विकास बैंक | ९.९६ | ८.२९ |
| वित्त कम्पनी | ११.४६ | ९.०२ |
| निक्षेपको ब्याजदर | | |
| वाणिज्य बैंक | ६.१७ | ४.२९ |
| विकास बैंक | ७.०७ | ५.०२ |
| वित्त कम्पनी | ८.२८ | ६.०९ |
| कर्जाको ब्याजदर | | |
| वाणिज्य बैंक | १०.१५ | ७.९९ |
| विकास बैंक | ११.६३ | ९.४० |
| वित्त कम्पनी | १२.८५ | १०.२२ |

५६. २०८२ जेठमा वाणिज्य बैंकहरूको औसत आधार दर ६.०९ प्रतिशत, विकास बैंकहरूको ८.२९ प्रतिशत र वित्त कम्पनीहरूको ९.०२ प्रतिशत रहेको छ । २०८१ जेठमा वाणिज्य बैंकहरूको औसत आधार दर ८.१७ प्रतिशत, विकास बैंकहरूको ९.९६ प्रतिशत र वित्त कम्पनीहरूको ११.४६ प्रतिशत रहेको थियो ।

५७. २०८२ जेठमा वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर ४.२९ प्रतिशत, विकास बैंकहरूको ५.०२ प्रतिशत र वित्त कम्पनीहरूको ६.०९ प्रतिशत रहेको छ । २०८१ जेठमा वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर ६.१७ प्रतिशत, विकास बैंकहरूको ७.०७ प्रतिशत र वित्त कम्पनीहरूको ८.२८ प्रतिशत कायम भएको थियो । त्यसैगरी, २०८२ जेठमा वाणिज्य बैंकहरूको कर्जाको भारित औसत ब्याजदर ७.९९ प्रतिशत, विकास बैंकहरूको ९.४० प्रतिशत

र वित्त कम्पनीहरूको १०.२२ प्रतिशत रहेको छ । २०८१ जेठमा वाणिज्य बैंकहरूको कर्जाको भारित औसत ब्याजदर १०.१५ प्रतिशत, विकास बैंकहरूको ११.६३ प्रतिशत र वित्त कम्पनीहरूको १२.८५ प्रतिशत रहेको थियो ।

### वित्तीय पहुँच

५८. यस बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरूको सङ्ख्या (लघुवित्त वित्तीय संस्थासमेत) २०८२ जेठ मसान्तमा १०७ रहेको छ (तालिका ६) । यसमध्ये २० वाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्त कम्पनी, ५२ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक सञ्चालनमा रहेका छन् । बैंक तथा वित्तीय संस्थाहरू (लघुवित्त वित्तीय संस्थासमेत) को शाखा सङ्ख्या २०८१ असार मसान्तमा ११,५३० रहेकोमा २०८२ जेठ मसान्तमा ११,५१९ पुगेको छ ।


**तालिका ६: बैंक तथा वित्तीय संस्थाको सङ्ख्या तथा शाखा सङ्ख्या***

| बैंक तथा वित्तीय संस्था | बैंक तथा वित्तीय संस्थाको सङ्ख्या | | | बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या | | |
|---|---|---|---|---|---|---|
| | २०८० असार मसान्त | २०८१ असार मसान्त | २०८२ जेठ मसान्त | २०८० असार मसान्त | २०८१ असार मसान्त | २०८२ जेठ मसान्त |
| वाणिज्य बैंक | २० | २० | २० | ५०४९ | ५०५६ | ५०९५ |
| विकास बैंक | १७ | १७ | १७ | ११२८ | ११३५ | ११३२ |
| वित्त कम्पनी | १७ | १७ | १७ | २८४ | २८८ | २९१ |
| लघुवित्त वित्तीय संस्था | ५७ | ५२ | ५२ | ५१२८ | ५०५१ | ५००१ |
| पूर्वाधार विकास बैंक | १ | १ | १ | – | – | – |
| **जम्मा** | **११२** | **१०७** | **१०७** | **११,५८९** | **११,५३०** | **११,५१९** |

*यससम्बन्धी अद्यावधिक विवरण http://emap.nrb.org.np/ मा उपलब्ध छ ।

## पुँजी बजार

५९. २०८१ जेठ मसान्तमा २११२.३० रहेको नेप्से सूचकाङ्क २०८२ जेठ मसान्तमा २६५५.३९ कायम भएको छ ।



**चार्ट ६: नेप्से सूचकाङ्क**

६०. २०८२ जेठ मसान्तमा धितोपत्र बजार पुँजीकरण रु.४४२३ अर्ब ४ करोड कायम भएको छ । २०८१ जेठ मसान्तमा बजार पुँजीकरण रु.३३४९ अर्ब ४८ करोड रहेको थियो ।

६१. २०८२ जेठ मसान्तमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको सङ्ख्या २७२ पुगेको छ । सूचीकृत कम्पनीहरूमध्ये १३२ बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी रहेका छन् भने ९१ जलविद्युत् कम्पनी, २३ उत्पादन तथा प्रशोधन उद्योग, ७ होटल, ७ लगानी कम्पनी, ४ व्यापारिक संस्था र ८ अन्य समूहका रहेका छन् । २०८१ जेठमा सूचीकृत कम्पनीहरूको सङ्ख्या २७० रहेको थियो ।

६२. सूचीकृत कम्पनीहरूमध्ये बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीको धितोपत्र बजार पुँजीकरणको हिस्सा ५२.१ प्रतिशत रहेको छ । त्यसैगरी, जलविद्युत् कम्पनीको हिस्सा १६.१ प्रतिशत, लगानी कम्पनीको हिस्सा ८.० प्रतिशत, उत्पादन तथा प्रशोधन उद्योगको हिस्सा ५.५ प्रतिशत, व्यापारिक संस्थाको हिस्सा ५.३ प्रतिशत, होटेलको हिस्सा २.८ प्रतिशत तथा अन्य समूहका कम्पनीहरूको हिस्सा १०.२ प्रतिशत रहेको छ ।

६३. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०८२ जेठ मसान्तमा सूचीकृत ८ अर्ब ८० करोड सेयरको चुक्ता मूल्य रु.८६७ अर्ब २९ करोड रहेको छ ।

६४. आर्थिक वर्ष २०८१/८२ को एघार महिनामा रु.२३ अर्ब ६३ करोड बराबरको बोनस सेयर, रु.२२ अर्ब ४० करोड बराबरको साधारण सेयर, रु.१२ अर्ब १५ करोड बराबरको हकप्रद सेयर, रु.१ अर्ब २५ करोड बराबरको म्युचुअल फण्ड,

रु.११ करोड २० लाख बराबरको एफपीओ र रु.३ अर्ब ९६ करोड बराबरको अन्य सेयर गरी कुल रु.६३ अर्ब ५० करोड बराबरको थप धितोपत्र सूचीकृत भएका छन् ।

६५. समीक्षा अवधिमा नेपाल धितोपत्र बोर्डले रु.१४ अर्ब ९५ करोड बराबरको हकप्रद सेयर, रु.१३ अर्ब बराबरको म्युचुअल फण्ड, रु.८ अर्ब ४२ करोड बराबरको डिबेन्चर र रु.२ अर्ब ७५ करोड बराबरको साधारण सेयर गरी कुल रु.३९ अर्ब १२ करोड बराबरको धितोपत्र सार्वजनिक निष्काशनका लागि अनुमति दिएको छ ।